**कम्पनी ऐन २०६३ अन्तर्गत स्थापित (शेयरमा सिमित दायित्व भएको)**

# आँखुखोला जलविद्युत कम्पनी लिमिटेड

**का.म.न.पा. वडा नं. २, गैरिधारा, काठमाण्डौ**
**फोन नं. : ०१-४१०२५९५**
**Email: ankhukhola@yahoo.com,**
**Website: https://www.aankhukholahydro.com.np**

## १७ औं र १८ औं बार्षिक साधारण सभा बस्ने सूचना

**प्रथम पटक प्रकाशित मिति : २०८३/०१/२१**

यस आँखुखोला जलविद्युत कम्पनी लिमिटेडको मिति २०८३/०१/१५ मा बसेको संचालक समितिको बैठकको निर्णयानुसार कम्पनीको १७ औं र १८ औं संयुक्त बार्षिक साधारण सभा निम्न मिति, समय र स्थानमा निम्न बिषयहरु उपर छलफल तथा निर्णय गर्न बस्ने भएकोले सम्पुर्ण शेयरधनी महानुभावहरुको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ। साथै संचालक समितिको निर्वाचन सम्बन्धी कार्यक्रमको पूर्ण तालिका कम्पनीको website https://www.aankhukholahydro.com.np तथा सूचना पाटीमा प्रकाशित गरिनेछ।

**सभा हुने मिति, समय र स्थान :-**

मिति : २०८३ साल जेठ ३१ गते (जुन १४, २०२६) आइतबार

समय : बिहान ०९:०० बजे

स्थान : बालुवाटार प्यालेस, बालुवाटार, काठमाडौं।

**छलफलका विषयहरु :**

**(क) सामान्य प्रस्ताव**

(१) संचालक समितिको तर्फबाट प्रस्तुत हुने आर्थिक वर्ष २०८०/०८१ र २०८१/०८२ को वार्षिक प्रतिवेदन पारित गर्ने।

(२) लेखापरीक्षकको प्रतिवेदन सहितको आर्थिक वर्ष २०८०/०८१ र २०८१/०८२ को वासलात, नाफा नोक्सान हिसाब तथा नगद प्रवाह विवरण लगायत सो सँग सम्बन्धित अनुसूचीहरु माथि छलफल गरी पारित गर्ने।

(३) कम्पनी ऐन, २०६३ को दफा १११ अनुसार आर्थिक वर्ष २०८२/०८३ को लेखापरीक्षण गर्नका लागि लेखापरीक्षकको नियुक्ति र पारिश्रमिक निर्धारण गर्ने।

(४) विविध।

**(ख) विशेष प्रस्ताव**

(१) सर्वसाधारण शेयरधनीहरुको प्रतिनिधित्व गर्ने गरी १ जना महिला सहित ५ जना संचालकको चयन/निर्वाचन गर्ने।

(२) विविध।

**बार्षिक साधारण सभा सम्बन्धी जानकारी**

१) १७ औं र १८ औं बार्षिक साधारण सभा प्रयोजनका लागि प्रथम पटक प्रकाशित सूचना बमोजिम नै मिति २०८३/०२/२२ गते १ दिन संस्थाको शेयर दाखील खारेज बन्द रहनेछ। मिति २०८३/०२/२१ गते सम्म शेयर खरिद गर्ने शेयरधनि महानुभावहरुले साधारण सभामा भाग लिन सक्नुहुनेछ।

२) शेयरधनी महानुभावहरुले साधारण सभामा भाग लिन आउँदा आफ्नो शेयर प्रमाणपत्र वा नागरीकता प्रमाणपत्र वा आफ्नो परिचय पत्र स्पष्ट हुने फोटो सहितको कुनै परिचय पत्र साथमा लिई आउनु पर्ने छ। परिचय खुल्ने कागजात नदेखाई सभामा भाग लिन पाईने छैन।

३) सभामा भाग लिन इच्छुक शेयरधनी महानुभावहरुले सभा हुने स्थानमा उपस्थित भई सभामा रहेको हाजिरी पुस्तिकामा दस्तखत गर्नुपर्ने छ। सभा हुने दिन हाजिरी पुस्तिका विहान ०८:३० बजे देखि ०९:०० बजे सम्म खुल्ला रहनेछ। सो समय पछि हाजिरी पुस्तिका बन्द हुनेछ।

४) प्रतिनिधि पत्र (प्रोक्सी फाराम) आँखुखोला जलविद्युत कम्पनी लिमिटेडको केन्द्रीय कार्यालय गैरिधारा काठमाडौंबाट वा यस संस्थाको शेयर रजिष्ट्रार नविल इन्भेष्टमेन्ट बैंकिङ्ग लि. नक्साल, नारायणचौर काठमाण्डौबाट प्राप्त गर्न सकिने छ।

५) प्रतिनिधि पत्र (प्रोक्सी फाराम) सभा शुरु हुनु भन्दा न्यूनतम ७२ घण्टा अगावै अर्थात २०८३/०२/२८ गते विहान १०:०० बजे भित्र संस्थाको केन्द्रीय कार्यालय गैरिधारा काठमाडौंमा दर्ता गरिसक्नु पर्ने छ।

६) शेयरधनीले एकभन्दा बढि व्यक्तिलाई आफ्नो शेयर विभाजन गरि वा अन्य कुनै किसिमबाट छुट्याई प्रोक्सी दिन पाइनेछैन्। प्रोक्सी प्रचलित कम्पनी ऐन तथा नेपाल कानुनले तोकेको ढाँचामा दिनुपर्नेछ। संस्थाको शेयरधनी बाहेक अन्य व्यक्तिलाई प्रोक्सी दिन पाईने छैन, त्यसरी दिएको प्रोक्सी बदर हुनेछ।

७) शेयर खरिद गरेको संगठित संस्था वा कम्पनीले संस्थाको सम्बन्धित समूह/उपसमूहको अर्को कुनै शेयरधनीलाई प्रतिनिधि (प्रोक्सी) मुकरर गर्न सक्ने छैन। त्यसरी प्रोक्सी मुकरर नगरीएको अवस्थामा मनोनित गरेको प्रतिनिधिले निज संस्थाको शेयरधनि नभएता पनि शेयरवालाको हैसियतले सभामा भाग लिन सक्नेछन्। यसरी प्रतिनिधि पठाउँदा सभा हुनु भन्दा कम्तिमा ७२ घण्टा अगाबै अर्थात मिति २०८३/०२/२८ गते विहान १०:०० बजे भित्रमा संस्थाको केन्द्रीय कार्यालय गैरिधारा, काठमाडौंमा लिखित रुपमा जानकारी दिनुपर्नेछ।

८) एकजना शेयरधनिले एकभन्दा बढिलाई प्रतिनिधि (प्रोक्सी) मुकरर गरेमा प्रतिनिधि (प्रोक्सी) स्वत बदर हुनेछ। तर पहिला दिएको प्रतिनिधिपत्र (प्रोक्सी फाराम) बदर गरि पछि दिइएको प्रतिनिधि पत्रलाई मात्र मान्यता दिन अनुरोध गरि छुट्टै पत्र साथ प्रतिनिधि पत्र (प्रोक्सी फाराम) तोकिएको समयअवधि भित्रै दर्ता गर्न ल्याएमा छुट्टै पत्रसाथ प्राप्त पछिल्लो प्रतिनिधि पत्र (प्रोक्सी फाराम) लाई मान्यता दिइनेछ।

९) प्रतिनिधि नियुक्त गरिसकेको शेयरधनिले सभाको कामकारबाही सुरु हुनुभन्दा अगाबै आफै सभामा उपस्थित भई हाजिरी पुस्तिकामा दस्तखत गरेमा त्यस्तो शेयरधनिले दिएको प्रतिनिधि-पत्र (प्रोक्सी) स्वतः बदर भएको मानिनेछ।

१०) नाबालक तथा अशक्त शेयरधनीहरुको तर्फबाट संस्थाको शेयर लगत किताबको संरक्षकका रुपमा नाम दर्ता भएको व्यक्तिले सभामा भाग लिन वा मतदान गर्न वा प्रतिनिधि (प्रोक्सी) तोक्न सक्नेछ।

**संचालक समितिको आज्ञाले**
**कम्पनी सचिव**